सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १४० | वि.सं. २०७९ पुस ०५ गते मंगलबार | 20, 2022 Tuesday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# निर्वाचनको रौनक सकिएसँगै पर्सामा तात्तियो भूमि आयोग



वीरगञ्ज, ४ पुष । निर्वाचन र विश्वकप फुटबलको रौनक सकिएसँगै राष्ट्रिय भूमि आयोग पर्सा पुन: तात्तिएको छ । निर्वाचन आचारसंहिताका कारण आफ्ना कामलाई निरन्तरता दिन नपाएको राष्ट्रिय भूमि आयोग पर्साले बाँकी स्थानीय तहका जनप्रतिनिधिसँग छलफल तथा अन्तरक्रिया गरेको छ । यसअघि पनि अधिकांश स्थानीय तहमा भइसकेको छलफल, अन्तरक्रिया तथा प्रशिक्षण सोमवार धोबिनी गाउँपालिकामा पनि सम्पन्न भएको छ । आयोग पर्साका अध्यक्ष तबरेज अहमदले धोबिनी गाउँपालिकाका जनप्रतिनिसँग आयोगका गतिविधि र काम कर्तव्यका बारेमा छलफल भएको जानकारी दिए । अहमदकै अध्यक्षतामा बसेको बैठकले भूमिहिन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन सम्बन्धमा छलफल गरेको छ । बैठकले गाउँपालिकामा आयोगको सेवा केन्द्र स्थापना भएपनि त्यसलाई विस्तार गरेर जिम्मेवार व्यक्ति र कम्प्युटर अपरेटर लगायतका आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने जिम्मा पालिकालाई दिने निर्णय पनि गरेको छ ।

एक साताभित्र पालिकास्तरीय सहजीकरण समिति गठन गर्नुका साथै वडास्तरीय सहजीकरण समिति पनि गठन गरेर ७ दिनभित्र आयोगलाई जानकारी गराउन आग्रह गरिएको छ ।

पलिकाका प्रत्येक वडामा रहेका अव्यवस्थित बसोबासी, भूमिहिन दलित र सुकुमबासीहरुको तथ्यांक संकलन गर्न सूचना जारी भएपनि प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको समयमा आचारसंहिता लागु भएकाले सेवामा अवरोध भएको हुँदा पुन: सूचना गरी फारम संकलन गर्ने निर्णय बैठकले

***बाँकी तेश्रो पृष्ठमा***

# दलित थर परिवर्तन गर्न देशभरका वडा कार्यालयलाई पञ्चीकरण विभागको पत्र




वीरगंज । गृह मन्त्रालय मातहतको राष्ट्रिय परिचयपत्र तथा पञ्चीकरण विभागले दलित थर परिवर्तन गरी दलित जातिभित्रको थर कायम गर्न निवेदन परेमा सोहीअनुसार गर्न स्थानीय तहलाई निर्देशन दिएको छ ।

देशभरका ६ हजार ७४३ वडा कार्यालयलाई पत्राचार गर्दै विभागले राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित दलित जातीय अनुसूची विवरणमा उल्लेख भएमा सम्बन्धित दलित जातीभित्रको थरहरु मध्येबाट निवेदकले चाहेको थर राखी जन्म दर्तामा थर परिवर्तन गरी प्रतिलिपि जारी गर्न निर्देशन दिएको हो ।

गृह मन्त्रालयलाई जानकारी दिँदै देशभरका सबै जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालयलाई बोधार्थ/कार्यार्थमा राख्दै विभागले दिइएको तीन बुँदे निर्देशन दिएको हो ।

# पर्साका सम्पूर्ण पेट्रोलियम पम्पको अनुगमन गर्न किसानहरूको माँग ।



वीरगञ्ज । पर्साका किसानहरुले जिल्लामा रहेका सम्पूर्ण पेट्रोलियम पम्पहरुको अनुगमन गर्न माँग गरेका छन । सोमबार जिल्लाका किसानहरुले पर्साका प्रमुख जिल्ला अधिकारीमार्फत बाणिज्य तथा आपुर्ति मन्त्रालयलाई ज्ञापन पत्र बुझाउदै पम्पहरुको अनुगमन गर्न माँग गरेका हुन ।

किसान हकहित सँघर्ष समिति पर्साका अध्यक्ष सहरुम राउत गदीको नेतृत्वमा पुगेको किसानहरुको टोलीले ज्ञापन पत्र पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाललाई बुझाएका थिए ।

ज्ञापनपत्र मार्फत उनीहरुले जिल्लामा रहेको पेट्रोल पम्पहरुले अपुर्ण तौलको डिजेल किसानहरुलाई बितरण गरिरहेकोले समबन्धित निकायले अनुगमन गर्नुपर्ने माँग राखेका छन । उनीहरुले डिजेल पेट्रोल बिक्रेताहरुले पेट्रोलियम पदार्थ मापन यन्त्र बिगारेर

***बाँकी तेश्रो पृष्ठमा***

# २३ जना एसपीहरूको काज सरूवा, पर्सामा कोमल शाह आउदैं

बिरगन्ज ।

नेपाल प्रहरीका २३ जना एसपीहरुको काज सरुवा भएको छ । सरुवामा ८ जिल्लाका प्रहरी प्रमुख फेरिएका छन्।

सरुवा सूचीअनुसार झापामा एसपी दुर्गाराज रेग्मी, पर्सामा कोमल शाह, धनुषामा विश्वराज खड्का, सर्लाहीमा नरेशराज सुवेदी, सिन्धुलीमा राजकुमार सिलवाल, बाँकेमा सन्तोषसिंह राठौर, सुर्खेतमा योगेन्द्रसिंह थापा र कैलालीमा देवेन्द्रबहादुर पाललाई पठाइएको छ।

एक वर्ष अवधि पुगेका एसपीहरुको नियमित सरुवा गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

# वीरगञ्ज महानगरपालिकाले सुरु गर्यो सार्वजनिक तथा ऐलानी जग्गा खोजी अभियान

**वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले नगर भित्र रहेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्न सुरु गरेको छ ।सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको जग्गा खोजी गर्न महानगरको टोली नक्सा लिएरै संभावित स्थानमा पुग्न थालेको हो ।**

**सोमबार वडा नम्वर १७ र १९ को सीमामा रहेको कोनियाँ गाउँमा पुगेको टोलीले त्यहाँ अतिक्रमण गरेको सार्वजनिक जग्गा छुट्याउन दिनभर नापजाँच गरेको छ ।**

**जनप्रतिनिधिले नै कब्जा गरेको सार्वजनिक जग्गा छुट्याउन नापजाँच गरेर महानगरले सार्वजनिक जग्गा खोजी अभियानको थालनी गरेको हो ।**

**सोमबार महानगरको टोलीले वडा नम्वर १७ का वडासदस्य अमोद यादवले अतिक्रमण गरेर भोगचलन गर्दै आएको वडा नम्वर १९ कोनियाँमा पर्ने सार्वजनिक जग्गा आफ्नो अधिनमा ल्याउन नापजाँच गरेको हो ।**



**यादवले आˆनो नाममा रहेको ७ कŸा जग्गाको आडैमा रहेको ४ विघा सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा प्रयोग गर्दै आएको वडा नम्वर १९ का वडाध्यक्ष मुकेश कुमार चौरसियाले बताए ।**

**वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गा पहिचान गरी महानगर माताहातमा ल्याउन अभियान चलाउनुभएको हो । अहिले महानगरसँग आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गा कति छ भन्ने कुनै पनि तथ्यांक छैन । तथ्यांक नहुँदा काम गर्न कठिनाई भएकाले महानगरले आˆनो सीमा भित्र रहेका सार्वजनिक सम्पत्ति संरक्षण गर्न जग्गा खोजि अभियान अघि बढाइएको नगरप्रमुख सिंहले बताउनुभयो ।सोमबार पहिलो दिन भएको र यो अभियान अब ३२ वटै वडामा संचालन हुने पनि महानगरले जनाएको छ ।**

**हरेक वडामा रहेका सार्वजनिक जग्गा तथा सम्पत्तिको अभिलेखिकरण गरेर राख्न र आवश्यकता अनुसार प्रयोग गर्न महानगरले खोजी अभियान अघि बढाएको पनि नगरप्रमुख सिंहले बताउनुभयो ।अभियान अन्तर्गत सोमबार नगरप्रमुख सिंहको सचिवालयका हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि भुषाल, नक्सा शाखाका सर्वेक्षक निरज चौरसिया, अमिन लेखनारायण कर्ण, १९ नम्बर वडाका अमिन रामेश्वर प्रसाद कुशवाहा लगायत वडा नम्वर १७ र १९ का वडाध्यक्ष तथा जनप्रतिनिधिको सहभागिता रहेको थियो ।**



ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# जैविक विविधतामा दिशानिर्देश

**डा. महेश्वर ढकाल**

भविष्यमा पानीका स्रोत नै सुके भने बिजुली उत्पादन गर्ने पानी कहाँबाट आउँछ ? उत्तर कसैसँग छैन।

हामीले पिउने पानी, खाने खाना, फेर्ने श्वास, लगाउने कपडा सबै जैविक विविधताका उपज हुन्।

पृथ्वीमा भएका सबै प्रजाति, पारिस्थितिकीय प्रणाली र तिनका वंशानुगत स्रोत जैविक विविधताका जननी हुन्। जबसम्म पृथ्वीमा मानिसको अस्तित्व रहन्छ, तबसम्म जैविक विविधताको संरक्षण गर्दै जानुको मानव जातिका लागि अर्को उत्तम विकल्प छैन।

यस वर्ष नेपाल पक्षराष्ट्र भएका जैविक विविधता र वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमध्ये चारवटा महासन्धीको सम्मेलन विगत दुई महिनाको अन्तरालमा सम्पन्न भएका छन्। रामसार महासन्धीको १३औं सम्मेलन नोभेम्बरको ३ देखि १३ सम्म स्विटजरल्याण्डको जेनेभामा सम्पन्न भएको छ।

जलवायु परिवर्तनसम्बन्धी महासन्धीको २७औं सम्मेलन इजिप्टको शर्मअल शेखमा नोभेम्बरको ७ मा सुरु भएर १७ मा सम्पन्न भएको छ। वन्यजन्तुका अंगको अवैध व्यापार नियमन गर्न बनेको अन्तर्राष्ट्रिय महासन्धी 'साइटिस'को १९औं सम्मेलन नोभेम्बरकै १४ मा सुरु भएर २४ मा सम्पन्न भएको छ।

यसैगरी जैविक विविधता सम्बन्धी महासन्धीको १५औं सम्मलेन डिसेम्बर ७ मा सुरु भएर यो लेख प्रकाशित हुने बेलासम्म सम्पन्न भइसकेको हुनेछ। यी सबै महासन्धी सम्मलेन आयोजनाको अलग अलग चरण आयोजना भएको हेर्दा एकअर्कामा प्रतिस्पर्धी जस्तो देखिए पनि विषयवस्तुमा एकअर्कामा परिपूरक छन्। त्यसकारण यी महासन्धीलाई अलग अलग भन्दा पनि एकअर्कामा अन्तरसम्बन्धित भएर बुझ्नुपर्ने हुन्छ।

नेपाल जैविक विविधतामा धनी भएको र राज्य तथा समुदायको तहबाट समेत जैविक विविधता संरक्षणमा विशेष पहल हुँदै आएको सर्वविदितै छ। जैविक विविधता संरक्षणमा स्थानीय समुदायको संलग्नता सधै प्रसंशनीय छ। बरु कहिलेकाहिँ संरक्षणको तुलनामा समुदायले लाभ लिन नसकेको देखिन्छ। हुन त पछिल्लो समयमा स्थानीय समुदायको जीवनयापन गर्ने शैली परिवर्तन हुँदै जाँदा जीविकोपार्जन गर्न स्थानीय वन स्रोत अर्थात् जैविक विविधतामा भर पर्ने प्रचलन पनि परिवर्तन हुँदैछ।

तसर्थ आउँदा दिनमा जैविक विविधता संरक्षण गर्ने परिपाटी र त्यसबाट लाभ लिने तरिकामा फरक तरिकाले सोच्नु पर्ने बेला आएको छ।

नेपाल जैविक विविधता संरक्षण गर्नमा अग्रणी मुलुक भए पनि यसका चुनौती भने झन् झन् मुखरित भएर आएका छन्।

नेपाल संघीयतामा आधारित तीन तहका सरकार कार्यान्वयन आएपछि भौतिक पूर्वाधारले प्रथामिकता पाएको देखिन्छ। भौतिक पूर्वाधार निर्माण गर्दा त्यसको सामाजिक र आर्थिक पक्ष, त्यसबाट प्राप्त हुने लाभ र हानिको लेखाजोखा, वातावरणीय पक्षको लाभ र हानीनोक्सानीको लेखाजोखा र त्यसले स्थानीय समुदायको जिविकोपार्जन र समग्र राष्ट्रको आर्थिक समृद्धिमा पार्ने प्रभावको आधारमा भौतिक पूर्वाधारको निर्माण गर्नुपर्नेमा हचुवाको भरमा र छिटो उपलब्धी देखाएर प्रभाव देखाउन खोज्दा त्यसको मार जैविक विविधताको नाश र पानीका स्रोतको ह्रास हुन पुगेको छ।

अझ बजेट सुनिश्चितता नभइकन पूर्वाधार निर्माण गर्ने र एक वा दुई वर्षमा सम्पन्न गर्न सकिने कामलाई दसौं वर्ष लगाएर सक्ने परिपाटीले जनताले सास्ती नै पाएका छन् भने प्रकृतिको नाश मात्र भएको छ। भौतिक विकासका नाममा नदीनालाबाट ढुंगा, गिट्टी र बालुवाको उत्खनन र संकलनले पनि जैविक विविधतालाई नाश गरेको छ। एकातिर जथाभावी ढुंगा, गिट्टी र बालुवाको संकलनले नदीमा रहेका जीवहरू लोप हुन पुगेका छन्।

अर्कोतिर नदीमा जलवायुजन्य जोखिमको मात्रा बढेर गएको छ। जसको प्रत्यक्ष नकारात्मक असर तल्लोतटीय क्षेत्रमा बस्ने स्थानीय समुदाय र पारिस्थितिकीय प्रणालीमा परेको छ।

पहाडी क्षेत्रमा निर्माण भएका जल विद्युतीय आयोजना, मोटरबाटो लगायतका भौतिक संरचना, वन्यजन्तुको चोरीशिकार र अंगप्रत्यंगको अवैध व्यापार तथा मानव वन्यजन्तुबीच हुने द्वन्द्वको कारण प्रतिशोधपूर्ण तरिकाले वन्यजन्तु मार्ने चलनले गर्दा जैविक विविधता संरक्षणमा ठूलो चुनौती देखिएको छ। विगत चार महिनामा उदयपुर र झापा क्षेत्रमा जुन प्रकारले हात्तीको प्रतिशोधपूर्ण तरिकाले मार्ने काम भयो। यसले वन्यजन्तु संरक्षणमा लाग्ने र प्रकृतिप्रेमी सबैलाई दुःखी तुल्याएको छ।

पृथ्वीको सतहको तापक्रम तात्दै जाँदा वर्षमा फेरबदल आएको छ। कतै बढी पानी पर्ने त कतै कम पानी पर्ने भएको छ। हाम्रो जस्तो समुन्द्र नभएको भू-परिवेष्ठित राष्ट्रका लागि यो राम्रो लक्षण होइन। हाम्रोजस्तो दैनिक जीवनयापन गर्न जैविक विविधतामा प्रत्यक्ष भर पर्नुपर्ने मुलुकको जनताका लागि जलवायु परिवर्तनले ल्याएका जोखिमबारे यदि अहिले नै गम्भीर भएर सोचिएन र आवश्यक कदम चालिएन भने भविष्यमा ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ।

त्यसमा पनि स-साना जीवजन्तुमा पर्ने असर झन् ठूलो हुन सक्छ। जलवायु परिवर्तनको असर स-साना जीवजन्तु जस्तो कमिला, धमिरा, पुतली, चरा र किटपतंगमा अझ बढी छ। सामान्य तामक्रम वृद्धि हुँदा एउटा पुतली एउटा फूलको विरुवाबाट उडेर अर्को विरुवामा पुगेन भने परागसेचन नै हुन सक्दैन। त्यसले सम्पूर्ण पारिस्थितिकीय प्रणाली टुटाइदिन सक्दछ र खाद्य सुरक्षामा नै संकट ल्याउन सक्छ।

वन्यजन्तुको चोरीशिकार तथा अंगप्रत्यंगको अवैध व्यापार जैविक विविधता संरक्षणको अर्को ठूलो चुनौती भएको छ। त्यसैले प्रभावकारी कानुन कार्यान्वयन गर्नुको विकल्प छैन। तर ती निकाय पनि भुत्तो भएका छन्। आउँदा दिनमा नेपालले रामसार महासन्धि, साइटिस महासन्धी, जलवायु परिवर्तन महासन्धी र जैविक विविधता महासन्धीमा भएका निर्णयलाई अत्यन्त संयमित र सन्तुलित भएर, आपसी समन्वय र सहकार्यका साथ कार्यान्वयन गर्नुपर्ने हुन्छ। कोपमा जाने बेलामा मरिहत्ते गर्ने तर कोपमा भएका निर्णयलाई कार्यान्वयन गर्न वास्तै नगर्ने परिपाटीलाई आउँदा दिनमा सुधार गर्नुपर्ने हुन्छ। नेपाल नदीनालामा धनी भएर पनि तिनको संरक्षणमा खासै प्रथामिकता दिएको अवस्था छैन। जलविद्युत् आयोजना निर्माण गर्दा नदीको प्राकृतिक प्रक्रियालाई कायम राख्ने भन्दा पनि बढी बिजुली उत्पादन गरेर बढी फाइदा लिनमा तल्लीन छन्। भविष्यमा पानीका स्रोत नै सुके भने बिजुली उत्पादन गर्ने पानी कहाँबाट आउँछ ? त्यसको उत्तर कसैसँग पनि छैन। त्यस्तै ढुंगा, गिट्टी र बालुवा उत्खनन, संकलन र प्रशोधनको पक्षलाई नियमन र नियन्त्रण गर्न नसक्दा अहिले नेपालमा सबैभन्दा बढी कानुन उलंघन गर्ने क्षेत्र बन्न पुगेको छ।

अझ स्थानीय तहका जनप्रतिनिधि नै विकासका नाममा ढुंगा, गिट्टी र बालुवा बेचेर पालिकाको आम्दानी गर्ने खेलमा लागेपछि त यसले जैविक विविधता संरक्षण छायाँमा परेको छ। उद्योगधन्दाबाट आउने फोहोरमैला र नदीको प्रदूषण अर्को समस्याको रूपमा देखा परेको छ। काठमाडौंका नदीनालाको त कुरै छाडौं, चितवन राष्ट्रिय निकुञ्जको तीनतिरबाट बग्ने

***बाँकी तेश्रो पृष्ठमा***

# संसदीय नेतृत्वमा गगनको सकस

**कृष्ण खनाल**

नेपाली कांग्रेसको गत महाधिवेशनमा सर्वाधिक मत पाएर महामन्त्रीमा विजयी भएका गगन थापा के त्यसै गरी संसदीय दलको नेतृत्वमा पुग्न सक्लान् ?

यो कति सम्भव छ ? धेरैका मनमा यो प्रश्न खेलिरहेको हुनुपर्छ । निश्चय पनि महामन्त्रीभन्दा यो प्रतिस्पर्धा बढी पेचिलो छ । यो नेतृत्वमा पुग्नु भनेको प्रधानमन्त्री बन्ने ढोका खुल्नु पनि हो । संसद्मा अहिले कांग्रेस सबैभन्दा ठूलो दल भएकाले त्यो सम्भावना पनि उत्तिकै छ ।

प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभामा कांग्रेसका ८९ सांसद छन्, कांग्रेसको विधान अनुसार यिनै सांसदहरूले कांग्रेस संसदीय दलको नेता चुन्छन् । चुनिनका लागि पचास प्रतिशतभन्दा बढी मत ल्याउनुपर्छ, अर्थात् कम्तीमा ४५ जना सांसदको समर्थन चाहिन्छ ।

कांग्रेसमा देउवा पक्ष र देउवाइतर भनेर अहिले जुन समीकरण छ, त्यसलाई मात्र आधार मान्ने हो भने त चुनाव नै गर्नु पर्दैन, परिणाममा शेरबहादुर देउवाकै निरन्तरता निश्चित छ । गगनलाई ४० प्रतिशत पुऱ्याउन पनि हम्मे पर्छ ।

पार्टी नेतृत्वको चुनाव भनेको केवल पक्ष-विपक्षमा संख्याको जोडघटाउजस्तो अंकगणितीय खेल र बहुमतको प्राविधिकतामा मात्र सीमित होइन । धेरै कुरा यसमा जोडिन्छन् । गुटगत समर्थन र विरोधभन्दा प्रतिस्पर्धामा उत्रिएका व्यक्तिको दृष्टिकोण, क्षमता र चरित्र निर्णायक हुन्छन् ।

पार्टीमा यथास्थितिको निरन्तरता वा परिवर्तनको बाटो निर्धारण गर्ने अवसर पनि हो यो । नयाँ नेतृत्वले पार्टीमा जीवन र गति दिन्छ, मतदाता र समर्थकमा उत्साह भर्छ । योग्य र सबल नेतृत्व पाउन सके छिमेकी र शक्तिराष्ट्रहरूको चलखेललाई पनि न्यूनीकरण गर्न सकिन्छ । कांग्रेस लगायत नेपालका राजनीतिक दलका नेतृत्व चयनमा यिनको कति भूमिका होला, प्रश्न गर्न सकिएला, तर स्वस्थ पार्टी प्रणालीको विकासका लागि यी अनिवार्य तत्त्व हुन् ।

अहिले समयको जुन मोडमा कांग्रेस संसदीय दलको नेतृत्व चयन हुँदै छ, त्यसमा पार्टी मात्र होइन, आउने पाँच वर्ष सरकार, संसद् र मुलुककै भविष्य गम्भीर रूपमा जोडिएको छ । त्यसैले पनि कांग्रेसको संसदीय नेतृत्वप्रति मुलुकको ध्यान केन्द्रित भएको हो । एमाले र माओवादीमा अहिले नेतृत्व परिवर्तनको अपेक्षा गर्न पनि सकिन्न, ओली र प्रचण्डको अनुमोदनबाहेक ।

कांग्रेसका सांसदहरूले स्वतन्त्र भएर गुणदोषको मूल्याङ्कनसहित विवेक प्रयोग गर्ने हो भने परिणाम उल्टिनुपर्ने हो र गगन विजयी हुनेमा शंका गर्नुपर्ने थिएन । देउवालाई फेरि पनि नेता चुन्न चित्तबुझ्ने कारण के छ र ?

पटकपटक अवसर पाउँदा पनि उनको सफलताको कथा भाग्यवादबाट माथि उठ्न सकेको छैन । पहिलो पटक २०५१ सालमा संसदीय दलको नेता चुनिँदादेखि नै उनी भाग्यमानी बन्दै आएका छन् । उनलाई कृष्णप्रसाद भट्टराईको शुभेच्छा त छँदै थियो, गिरिजाप्रसाद कोइरालाले पनि आपत्ति गरेनन्, उनी निर्विरोध चुनिए ।

सम्भावित प्रतिस्पर्धीहरूमध्ये रामचन्द्र पौडेल सभामुख पाइने भो भनेर रमाए, शैलजा आचार्य पनि गिरिजाको प्राथमिकतामा परिनन् । संसदीय दलको नेता चुनिएको दस महिना नबित्दै देउवाले मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकारलाई अविश्वासको प्रस्तावबाट विस्थापित गर्दै कांग्रेस-राप्रपा-नेसपा गठबन्धनमा प्रधानमन्त्री बन्ने अवसर पाए । त्यतिखेर उनी नयाँ पुस्ताका युवा प्रधानमन्त्री भएकामा सबै खुसी पनि थिए । प्रधानमन्त्री भएपछि सत्ताको आडमा पार्टीभित्र उनको गुट पनि बन्दै गयो ।

प्रधानमन्त्री हुँदा देउवाको भाग्यवादको जरा अरू बढ्नुबाहेक मुलुक, लोकतन्त्र र नेपाली कांग्रेसले उल्लेख्य केही पाएनन् । बरु लोकतन्त्रप्रति निष्ठावान् नागरिकले शिर निहुऱ्याउनुपर्ने हुन थाल्यो ।

ससद्मा बदनामित पजेरो संस्कृति र निर्वाचन क्षेत्र विकासका नाउँमा सांसदको खल्ती भर्ने गलत प्रथा र जम्बो मन्त्रिमण्डलको परम्परा उनैले भित्र्याए ।

दोस्रो पटक प्रधानमन्त्री हुँदा संवैधानिक प्रणालीलाई नै दरबारमा बुझाए, आफैंले प्रस्ताव गरेको प्रतिनिधिसभाको चुनाव नै गर्न सकेनन् । उल्टै राजा ज्ञानेन्द्रले समेत नालायक भनेर बरखास्त गरे । तेस्रो पटक उनै राजा ज्ञानेन्द्रले निगाहपूर्वक फेरि प्रधानमन्त्रीको कुर्सीमा बसाले, देउवाले 'गोरखाली राजाबाट न्याय पाएँ' भन्दै जयजयकार गरे ।

तर १० महिनामै फेरि बरखास्तगीमा परे । उनको चौथो कार्यकालमा कांग्रेसले संसदीय चुनावमा सर्मनाक हार बेहोर्नुपऱ्यो, तर नेतृत्वमा रहिरहे । भाग्यवादी राजनीतिका पात्र देउवा कम्युनिस्ट सत्ता विग्रहका कारण पाँचौं पटक प्रधानमन्त्री हुन पुगे ।

तर उनको यो कार्यकाल उनका पूर्ववर्ती ओलीको भन्दा कुनै किसिमबाट पनि राम्रो मान्न सकिने ठाउँ छैन । कम्युनिस्ट विभाजनको यत्रो ठूलो राजनीतिक अवसरमा पनि चुनावमा कांग्रेसले अपेक्षित मत नपाउनु उनकै अयोग्यता र अक्षमता हो ।

अहिले कांग्रेस संसद्मा सबैभन्दा ठूलो पार्टी भएको छ, गत चुनावका तुलनामा यो उपलब्धि भन्न सकिएला । तर यसको अन्तर्यमा पसेर विवेचना गर्ने हो भने देउवाको सफलता भनेर भजन गाउनुपर्ने ठाउँ छैन । गठबन्धनका कारण प्रत्यक्षतर्फ कांग्रेसले

***बाँकी तेश्रो पृष्ठमा***

# महिला हिंसाविरूद्ध कानुन कार्यान्वयनको खाँचो

**वर्षा झा**

यस वर्ष मनाइएको लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको राष्ट्रिय नारा 'सभ्य समाजको पहिचान : लैंगिक हिंसाविरुद्धको अभियान' थियो । नेपाल सरकार तथा सम्बन्धित निकायहरू महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि नीतिगत रूपमा प्रतिबद्ध नै छन् । त्यसअनुरूपका नियम-कानुन पनि बनाइएका छन् ।

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गरेको छ । केही वर्षयता सरकारी स्तरबाट लैंगिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण तथा नेतृत्व तह आदिमा महिलाको पहुँच बढेको पनि छ । तर महिलाप्रति हिंसात्मक व्यवहार विद्यमान रहेकाले उनीहरूको सामाजिक अवस्थामा परिवर्तन आउन नसकेको देखिन्छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालको कुल जनसंख्याको आधाभन्दा बढी (५१.०४ प्रतिशत) महिला छन् । नेपालमा सन् २०२० मा मानव विकास सूचकांकमा ०६०२ अंकसहित १४२ औं स्थानमा छ । विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैंगिक समानता अन्तराल प्रतिवेदन-२०२० मा नेपाल ०.६८३ अंकसहित १०६ औं स्थानमा छ, जुन दक्षिण एसियामा बंगलादेशपछिको दोस्रो स्थान हो । केन्द्रीय तथ्यांक विभागको सन् २०२१ को तथ्यांक अनुसार नेपालमा महिला साक्षरता ५७.४ प्रतिशत छ । राष्ट्रिय मानव विकास प्रतिवेदन-२०२० अनुसार महिलाको श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत छ । यद्यपि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाले समाजमा हिंसा बढेको छ । हिंसा भनेको कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अमानवीय व्यवहार हो जुन शारीरिक वा मानसिक दुवै किसिमको हुन सक्छ र मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिंगभेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँछ । हिंसा घरभित्र वा बाहिर दुवै ठाउँमा हुन सक्छ । परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिलाविरुद्ध हुने हिंसाका रूपमा लिइन्छ तर हिंसाभित्र धेरै कुरा पर्दछन् । बालविवाह, बहुविवाह, जबर्जस्ती विवाह, जबर्जस्ती करणी, चेलीबेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिलाविरुद्ध हुने हिंसाका कारक तत्त्व हुन् । हिमाल-पहाडदेखि तराई-मधेशसम्म उच्च घरानियादेखि सुकुम्बासी झुपडीसम्म, राजनेतादेखि मतदातासम्म जहाँसुकै, जोसुकैबाट र जहिले पनि हिंसा हुन सक्ने जोखिममा महिलाहरू हरपल बाँचिरहेका हुन्छन् । नेपालले लिंगमा आधारित महिला हिंसाविरुद्ध संवैधानिक प्रतिबद्धता जनाएको छ । नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको कार्यान्वयनका सन्दर्भमा नेपालमा लैंगिक समानता र महिलाविरुद्ध हुने घरभित्रका सबै प्रकारका हिंसा नियन्त्रण गर्नका लागि छुट्टै ऐनका रूपमा २०६६ वैशाख १४ देखि घरेलु हिंसा (कसुर र सजाय) ऐन-२०६६ लागू गरिएको छ । त्यसै गरी घरेलु हिंसा (कसुर र सजाय) नियमावलीसमेत कार्यान्वयनमा छ । पछिल्लो समयमा लैंगिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयास भएका छन् । नेपालका सन्दर्भमा लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन-२०६६ द्वारा महिलाविरुद्धका भेदभावपूर्ण कानुनको खारेजी र लैंगिक समानताका लागि कानुन संशोधन गरी लागू छ । महिलामाथि हुने हिंसाका अनेक स्वरूप र प्रकृतिलाई सम्बोधन गर्न मुलुकी ऐन-२०२० लाई २०७५ भदौदेखि मुलुकी फौजदारी संहिता, मुलुकी देवानी संहिता र अपराध संहिता लगायतका विभिन्न ऐनद्वारा प्रतिस्थापन गरिएको छ । ती ऐनहरूमा मुलुकी अपराध संहिता-२०७४, मुलुकी फौजदारी संहिता-२०७४, मुलुकी फौजदारी कार्यविधि संहिता-२०७४, फौजदारी कसुर ( सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०७४, मुलुकी देवानी संहिता-२०७४, मुलुकी देवानी कार्यविधि संहिता-२०७४ छन् । यी ऐनहरूमार्फत सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक-सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई आपराधिक कार्यका रूपमा व्याख्या गरी हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ । महिलाविरुद्ध हुने हिंसाको कानुनी उपचार, सोको समाधान र आपराधिक कार्यका लागि कसुर तथा त्यसको मात्रा निश्चित गर्दै दण्ड-सजायका निमित्त माथि उल्लिखित ऐनहरू विशेष छन् । यति मात्र होइन, न्यायमा पहुँच नभएकाहरूलाई राज्यले निःशुल्क कानुनी सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छ । कानुनी सहायतासम्बन्धी ऐन-२०५४ ले

***बाँकी अन्तिम पृष्ठमा***

